# सिद्धलेक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
धादिङ
बागमती प्रदेश, नेपाल


पत्र संख्या: २०८१/०८२
चलानी नं. १८०४

मिति: २०८१।१०।१८

**द्वन्द पिडित, बेपत्ता तथा बाबुआमा विहिन बालबालिकालाई छात्रवृत्ति वितरण गर्ने सम्बन्धि सूचना !**

आ.ब. २०८१।०८२ को प्रदेश शशर्त अनुदान **(बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम)** अन्तर्गत **"द्वन्द पिडित बेपत्ता तथा बाबुआमा विहिन बालबालिकालाई छात्रवृत्ति वितरण"** गर्ने कार्यक्रम रहेको हुँदा यस सिद्धलेक गाउँपालिका भित्र स्थायी बसोबास भएका आमा र बाबु दुबैको मृत्यु भएका वा दुवै बेपत्ता भएका वा दुबैको संरक्षण र रेखदेखबाट वञ्चित भई अरुको संरक्षणमा रहेका, १८ वर्ष उमेर पुरा नभएका र कुनै गैर कानुनी वा आपराधिक कार्यमा संलग्न नभएका बालबालिकाहरुलाई सामाजिक संरक्षण गर्नका लागि यस कार्यक्रम बमोजिम भत्ता प्राप्त गर्न योग्य बालबालिकाले वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले तपशिलका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गाउँपालिकाको कार्यलयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>आवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:</u>

१. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी (नागरिकता भएमा नागरिकता प्रमाण पत्रको प्रतिलिपी),
२. बाबु र आमा दुबैको मृत्यु भएकोमा मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपी वा बाबु र आमा दुवैको बेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट वञ्चित भई अरुको संरक्षणमा रहेको प्रमाणित कागजात,
३. विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र ५ वर्ष उमेर पुरा भएको बालबालिकाको हकमा मात्र,
४. सम्बन्धित वडाले संरक्षक किटानी गरेको सिफारिस पत्र,
५. संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

**बोधार्थ:**
श्री शिक्षा, युवा तथा खेलकुद विकास शाखा: सबै विद्यालयहरुलाई पत्राचार गर्नुहुन ।
श्री सूचना तथा प्रविधि शाखा: जानकारीको लागि web site मा राखि दिनुहुन ।

..................
(राम प्रसाद शर्मा)
प्रमुख प्रशासकीय अधिकृत

नोट: समय सीमा नाघिसकेपछि र रित नपुगी आएको आवेदनमा गाउँपालिकाको कार्यालय जवाफदेही हुने छैन ।


Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com



Scanned with CamScanner